# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी दाङ
लुम्बिनी प्रदेश, नेपाल

☎ ०८२-४१३०७७


प.स. २०८१/८२
च.नं.:

मितिः २०८१।११।१८

**आधारभूत तह उत्तीर्ण परीक्षा २०८१ सम्बन्धी अत्यन्त जरुरी सूचना**

शैक्षिक सत्र २०८१ को आधारभूत तह उत्तीर्ण परीक्षा २०८१ निम्नानुसारको कार्यतालिका अनुसार सञ्चालन हुने गरी आधारभूत तह उत्तीर्ण परीक्षा समितिको मिति २०८१।११।१७ को बैठकबाट निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.स. | विषय | मिति | बार | समय | कैफियत |
|---|---|---|---|---|---|
| १ | अंग्रेजी | २०८१।१२।१३ | बुधबार | दिउँसो १:०० बजेदेखि | |
| २ | नेपाली | २०८१।१२।१४ | विहिबार | | |
| ३ | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | २०८१।१२।१५ | शुक्रबार | | |
| ४ | गणित | २०८१।१२।१७ | आइतबार | | |
| ५ | विज्ञान तथा प्रविधि | २०८१।१२।१८ | सोमबार | | |
| ६ | स्वास्थ्य, शारीरिक तथा सिर्जनात्मक कला | २०८१।१२।१९ | मंगलबार | | |
| ७ | हाम्रो राप्ती | २०८१।१२।२० | बुधबार | | |

राप्ती गाउँपालिकाबाट शैक्षिक सत्र २०८१ को आधारभूत तह उत्तीर्ण परीक्षामा सहभागी हुने विद्यार्थी, सामुदायिक तथा संस्थागत विद्यालयहरुले निम्नानुसार कार्य गर्नु गराउनु हुनः

१. https://emis.cehrd.gov.np मा गई आफ्नो विद्यालयमा User Log in गरी विद्यार्थी विवरण अध्यावधिक गर्न वा संशोधन गर्न परेमा Student Record मा गई Student information -School select - Year 2081 Select - Class 8 Select -Edit मा Click गरी विवरण संशोधन वा अध्यावधिक गर्ने । फाराममा अनलाइन जन्मदर्ताको प्रमाणपत्रमा उल्लेख भएको विवरण वा नागरिकता प्रमाणपत्रको प्रतिलिपीमा उल्लेख भएको नामथर र जन्ममिति उल्लेख गर्ने । विद्यार्थीको फोटो समेत EMIS को सम्बन्धित खण्डमा अपलोड गर्ने । विद्यालयले विवरण एकिन गरीसकेपछि गाउँपालिकालाई जानकारी गराउने र त्यसपछि गाउँपलिकाबाट सिम्बोल नं कायम गरिने छ । सिम्बोल नं




CamScanner

# राप्ती गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मसुरिया, देउखुरी दाङ
लुम्बिनी प्रदेश, नेपाल
☎ ०८२-४१३०७७


प.स. २०८१/८२
च.नं.:

कायम भएपछि मात्र विद्यालयले फाराम १ प्रति तथा प्रवेश पत्र २ प्रति प्रिन्ट गरी विद्यार्थी, अभिभावक, प्रधानाध्यापकको हस्ताक्षर गरी स्वीकृतिका लागि पालिकामा पेश गर्ने । सिम्बोल नं कायम भईसकेपछि विद्यालयहरुले विवरण संशोधन गर्न नसकिने हुँदा सिम्बोल नं कायम गर्नुपूर्व नै उक्त कार्य गरी सक्ने ।

२. प्रयोगात्मक अंक प्रविष्टि गर्दा विद्यालयहरुले https://emis.cehrd.gov.np मा गई आफ्नो विद्यालयमा User Log in गरी विद्यार्थी Manage exam-Marks Entry(8) final मा गई विषयगत रुपमा आन्तरिक मूल्याङ्कन सम्बन्धी मापदण्ड २०८० को आधारमा अङ्क प्रविष्टि गर्ने र प्रविष्टि गरी सकेपछि Save गर्ने । विद्यालयले प्रविष्टि गरेको प्रयोगात्मक अङ्कको पालिकाबाट अडिट गरिनेछ ।

३. आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को शैक्षिक सत्र २०८१ को शैक्षिक व्यवस्थापन सूचना प्रणालीको सिर्जना भएको आवेदन फाराम मिति २०८१।११।२५ गतेभित्र अनलाइन इन्ट्रि भएको जन्मदर्ताको प्रतिलिपी वा नागरिकता प्राप्त गरेको हकमा नागरिकताको प्रतिलिपी वा जन्मदर्ता वा नागरिकताको प्रमाणपत्र नभएका बालबालिकाहरुको हकमा बसोबास गरेको सम्बन्धित वडाको रोहवरमा सर्जिमिन मुचुल्का सहित पेश गर्ने र प्रयोगात्मक अंक तालिकासमेत मिति २०८१।११।२५ गतेभित्र पेश गर्ने ।

४. आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ को शैक्षिक सत्र २०८१ को सहभागी हुने विद्यार्थीहरुको हकमा दरखास्त फाराम र EMIS रहेको विवरण पछिसम्म फरक नपर्ने गरी विद्यालयहरुले अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५. सामुदायिक विद्यालयहरुको आधारभूत तह कक्षा ८ को विद्यार्थीहरुको परीक्षा शुल्क नलिने र संस्थागत विद्यालयहरुको हकमा प्रति विद्यार्थी रकम रु. २५०।- फारामसहित पेश गर्ने ।

विश्वास वि.क.
निमित्त प्रमुख प्रशासकीय अधिकृत



CamScanner